परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक

❑ वर्ष ९ ❑ अंक १२ २०७७ असोज २५ गते आईतवार Sunday 11, OCT, 2020 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

पानीको सही सद्पयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवानाबाट बचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर

## मदरसाको पूर्वअध्यक्षले राजीनामा दिएको शिक्षकलाई प्रअ बनाई रकम झ्याप पारेपछि शिक्षकहरु विच्चलीमा

विराटनगर ।महान पर्व दशै, तिहार र छठ आईरहेको वेला एक मदरसाको पुर्वअध्यक्षले राजीनामा दिएका शिक्षकलाई प्रधानध्यापक वनाई शिक्षकहरुले पाउनुपर्ने तलब दुवैजना मिली झ्याप परेपछि शिक्षकहरु विच्चलीमा परेका छन् ।

विराटनगर महानगर पालिका वडा नं. १३ मा रहेको ताजुल इस्लाम नमुना आधारभुत विद्यालय ( मदरसा) स्थापना कालदेखि मदरसा संचलनगरी प्रधानाध्यापकको रुपमा काम गर्दै आएका मोलाना समसुल हकले विहीवार अभिभावक भेला गरी सो कुरा वताएका हुन् ।




मदरसा व्यवस्थापन समितिका पूर्वअध्यक्ष मोहम्मद हैदरले र मदरसामै कार्यरत भई हाल राजीनामा दिएका शिक्षक मोहम्मद जावेदलाई गैरकानूनी तरीकाले प्रधानध्यापक वनाई बैकमा दस्तखत परिवर्तन गरी शिक्षकहरुको तलवको लागि शिक्षा निर्देशालय धनकुट्टावाट निकाशा भएको ४ लाख ९३ हजार ५ सय बैकवाट निकाली झ्याप पारेपछि शिक्षकहरुलाई तलब खुवाउन नसकेको गुनासो गरेका थिए ।

सो मदरसामा प्रधानध्यापक मोलाना समसुल हक राहतकोटाका शिक्षक हुन भने दुई जना बबली दास र काजल विश्वकर्मा बालविकासका शिक्षक हुन् । तीनीहरु वाहेक ८ जना शिक्षकहरु निजी स्रोतमा कार्यरत रहेको छ ।

मोलाना समसुल हकलाई जानकारी नै नदिई मदरसाका पुर्वअध्यक्षले राजीनामा दिएका शिक्षक मोहम्म जावेदलाई जालझेल गरी प्रधानध्यापक वनाएपछि मोलाना समसुल हकले मोहम्मद जावेद भारतीय नागरीक भएको र नेपालमा पनि जालसाज गरी नेपाली नागरिकता लिएको तथा जावेदको सर्टिफिकेट पनि नक्कली भएको भन्दै जिल्ला प्रशासन कार्यालयमा उजुरी दिएपछि मदरसामा विवाद बढेको अभिभावक भेलाका एक सहभागीले वताए ।

बालविकासको शिक्षक बबली दास र काजल विश्वकर्माले भने मदरसाको आन्तरीक विवादका कारण हामीले काम गरेको डेढ वर्ष देखिको तलव पाएका छैनौ । हामीलाई तलब दिनु पर्नेमा बैकवाटै अध्यक्ष र प्रधानध्यापकले रकम झ्याप पारेपछि एक त ६ महिनाको लकडाउ र दशै, तिहार र छठ पर्वकै मुखमा तलव नपाई विच्चलीमा परेका छौ ।

मदरसामा भवन निर्माणको लागि आएको रकम, कम्प्यूटरको खरीदको लागि आएको अनुसाद र माननीय प्रदेश सभासद जयराम यादवले सहयोगरको १० लाख लगायतको विवादहरु हुंदै आएको छ ।

शिक्षा निर्देशनालय धनकुट्टावाट निकासा भएको रकम समसाद तवरेज र गायत्री ठाकुरको नाममा निकाशा भएको सोही रकम सवै निजी स्रोतको शिक्षकहरुलाई दामासाहीले दिनु पर्ने तर सो रकम पूर्व अध्यक्ष मोहम्मद हैदर र राजीनामा दिएको शिक्षक

वांकी अन्तिम पेजमा...

## कुमारी बैकद्धारा निशुल्क पिसीयार परिक्षण शिविर

काठमाडौं । काठमाडौं मेडिकल कलेजसँग सहकार्य गरेर कुमारी बैंक लिमिटेडले नि:शुल्क पीसीआर परीक्षण शिविर गरेको छ । दिन प्रतिदिन कोरोना संक्रमण बढिरहेका बेला कुमारी बैंकले आफ्नै खर्चमा सर्वसाधरणलाई नि:शुल्क पीसीआर परीक्षण गराएको हो ।

गत सोमबारदेखि बुधबारसम्म तीन दिन सञ्चालित शिविरमा ८ सय २६ जनाको नि:शुल्क पीसीआर परीक्षण गरिएको आयोजकले जनाएको छ ।

सोमबार काठमाडौंको टङ्गालस्थित कुमारी बैंकको कर्पोरेट कार्यालय, मंगलबार बैंकको न्युरोड शाखा र बुधबार पुतलीसडक शाखामा शिविर सञ्चालन गरिएको हो । शिविरमा पहिलो दिन १ सय ९६, दोस्रो दिन २ सय २६ र तेस्रो

वांकी अन्तिम पेजमा...

## फरार प्रतिवादी महतो पक्राउ

विराटनगर, आसोज २२ गते । विराटनगर महानगर पालिका वडा नं. ९ ट्राफिक चौकवाट एक जनाको मोबाईल खोसी फरार भएका एक जनालाई प्रहरीले पक्राउ गरेको छ ।

मोबाईल खोसी फरार भएको प्रतिवादी जिल्ला मोरङ विराटनगर १४ भगवती चोक बस्ने बर्ष २६ को नौलखी भन्ने श्रीप्रसाद महतोलाई जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले महतोकै घरबाट पक्राउ गरेको हो ।

घटनाको विवरण अनुसार विराटनगर महानगरपालिका वडा नं. १० बस्ने बर्ष ३० को मनोज कुमार गुप्ताको ओपो कम्पनीको मोवाईल को ६ प ३४०० नम्बरको अल्वा कम्पनीको मोटरसाईकलमा सवार विराटनगरमहानगर पालिका वडा नं १४ भगवती चोक बस्ने बर्ष ३० को सतिस झा र बर्ष २६ को नौलखी भन्ने श्रीप्रसाद महतोल भाद्र १८ गते जवरजस्ती खोसी लगेको थियो ।

झालाई असोज ११ गते विराटनगर महानगरपालिका वडा नं. ७ हस्पिटल चोकबाट जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले पक्राउ गरी चोरी अन्तर्गत म्याद थइ भई थप अनुसन्धान भई रहेको छ ।

सोही मोबाईल खोस्ने चोरीमा

वांकी अन्तिम पेजमा...

## प्रदेश १ मा हाल सम्मकै धेरै संक्रमित

विराटनगर । प्रदेश नं. १ मा हालसम्मकै सबभन्दा बढी कोरोना संक्रमण शनिवार पुष्टी भएको छ ।

संक्रमित मध्ये पुरुष ३५८ र महिला १९४ गरी ५५२ जनामा कोरोना संक्रमण पुष्टी भएको छ ।

कही सातादेखि खुकुलो भएको लकडाउन र निषेधाज्ञाका कारण बजारमा भिडभाड बढेकोले कोरोना संक्रमितको संख्या बृद्धि भएको हो ।

नेपाल भरीमा कोरोना संक्रमितको संख्या १ लाख नाघ्दा प्रदेश १ मा कुल संक्रमितको संख्या १० हजार नजिक पुगेको छ ।

सामाजिक विकास मन्त्रालयका अनुसार साउन महिनाको १९ गते १६४ जनामा संक्रमण पुष्टी भएको थियो । २० गते मंगलवार त्यसको दोबर ३३० जनामा कोरोना संक्रमिण देखियो । बुधवार ३४३, विहीवार ४११ शुक्रवार ४८५, शनिवार संक्रमितको संख्या नयां रेकर्ड वनाएको छ ।

शनिवारको तथ्यांक अनुसार मोरंगको विराटनगर महानगरपालिका मा १४५, बुढीगंगा गाउंपालिकामा १३, सुन्दर हरैचामा नगरपालिकामा १४, कटहरी, धनपालथान गाउँपालिका र उर्लाबारी नगरपालिकामा ३/३, रंगेली नगरपालिकामा, पथरी शनिश्चरे नगरपालिका र ग्रामथान गाउँपालिकामा २/२ जना र केरावारी गाउंपालिकामा १ र स्थानीय तह नखुलेका ३ जना रहेको छ ।

त्यसैगरी सुनसरीको इटहरी उपमहानगर पालिका ५०, इनरुवा नगरपालिकामा २१ दुहवी नगरपालिकामा ७, रामधनी गाउँपालिका मा ६, बराहक्षेत्रमा ३, देवागंज र भोक्राहनरसिंह र गढमा १/१ जनामा कोरोना पुष्टी भएको छ ।

झापा जिल्लामा २६ जनामा कोरोना पुष्टी भएको छ । जसमध्ये विर्तामोड नगरपालिकामा ८ दमकमा ७, मेचीनगरमा ६, भद्रपुरमा ३कनकाई र गौरादहमा १/१ जनामा कोरोना पुष्टी भएको छ । उदयपुर जिल्लामा

वांकी अन्तिम पेजमा...

कक्षा ११ को नयाँ भर्ना खुलेको सूचना

व्यवस्थापन शिक्षामा राष्ट्रिय पहिचान बनाई २०७७ सालमा पनि २५ उतकृष्ठ +२ कलेजहरुमध्ये सातौं स्थानमा पर्न सफल प्रदेश नं. १ कै एकमात्र मेरिल्याण्ड कलेजमा कक्षा ११ को नयां भर्ना सूचारु रहेको विनम्र अनुरोध गरिन्छ ।

तमसो मा ज्योतिर्गमय
2059
MERRYLAND

मेरिल्याण्ड कलेज
(नेपालकै सर्वोत्कृष्ट व्यवस्थापन कलेज)
रंगेली रोड, विराटनगर
सम्पर्क : ०२१५१५५४०,५७५२७५, ५७०४९२

SUKRATARA FURNITURE UDYOG
BIRATNAGAR
9842033365
9805391277



All types of Fabrication, Furniture, Prefab, Truss are available.
Email Id: chattdev007@gmail.com

क्राईम अपरेशन
Crime Operation साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
पू.क्षे.हु.नि.मोरंग द.न. ०१/०७३/७४

## लागुऔषध...

बोकेको झोला खोलेर चेकजाँच गर्दा ४५ बोतल डाइलेक्स डीसी र ३ सय २८ क्याप्सुल एसपासमो प्रोक्सीभोन फेला बारी बरामद गरिएको हो। यसरी लागुऔषध सहित पक्राउ परेका तिनै जना उपर थप अनुसन्धान तथा कानुनी कारबाही अगाडी बढाईएको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ।

## भोक्राह...

र एसपामो प्रोक्सस्भोन प्लस ३ सय ८४ क्याप्सुल फेला पारी बरामद गरिएको थियो।

जिल्ला प्रहरी कार्यालय सुनसरीका अनुसार उनी उपर थप अनुसन्धान तथा कानुनी कारबाही अगाडी बढाईएको छ।

## मदरसाको...

मोहम्मद जावेदले नक्कली माइनुट र नक्कली दस्खत गरी तलव रकम हिनामिना गरेपछि सोको जानकारी गराउने उदेश्यले मोलाना समसुल हकले अभिभावक भेला बोलाई सवैलाई जानकारी गराएका थिए।

सो अभिवाव भेलाले मोहम्द हैदर र जावेदले गैर कानुनी र नक्कली दस्खत गरी निकालिएको रकम फिर्ता गराउन र तीनीहरुमा कानुनी कारवाही प्रहरी प्रशासनसंग आग्रह गरेको छ। घटस्थापना भन्दा पहिले शिक्षकहरुलाई तलव फिर्ता गरेन भने ती दुवैको विरुद्ध प्रशासन समक्ष आनदोलन गर्ने चेतावनी दिएको छ। हाल मदरसा व्यवस्थापन समितिको अध्यक्ष फुल महम्मद रहेको छ।

## कुमारी...

दिन ४ सय ४ जना सर्वसाधरणले पीसीआर परीक्षण गराएका छन्। स्वाब दिएकाहरुलाई पीसीआर परीक्षण पश्चात फोनबाटै रिपोर्ट जानकारी गराईएको थियो।

कोरोनाको महामारीले सबै क्षेत्रलाई अस्तव्यस्त बनाएका बेला निःशुल्क पीसीआर परीक्षण गरी सहयोग पुर्याउँन शिविर आयोजना गरिएको र आगामी दिनमा पनि सहयोग गर्न तयार रहेको कुमारी बैंकका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्र भण्डारीले बताए।

## फरार...

संलग्न महतोलाई जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको महतो माथि थप अनुसन्धान भई रहेको छ।

## प्रदेश १...

४ जना संक्रमित मध्ये त्रियुगामा ४ स्थानीय तह नखुलेको १ जना रहेको छ।

धनकुट्टाको साँगुरीगढीमा ३, स्थानीय तह नखुलेको १ जनामा संक्रमिण पुष्टी भएका छन्। संखुवासभाको खादवारीमा ४, खोटाङ्गको खोटेहाङमा १, इलामको इलाम नगरपालिकामा १, तापलेजुङ्गमा १ र ओखलढुङ्गमा १ जना र प्रदेश १ बाहिरका ९ जना रहेको सामाजिक विकास मन्त्रालयको तथ्यांकमा उल्लेख छ।

प्रदेश १ मा गएको २४ घण्टामा १ हजार ६ सय ४२ जनाको स्वाव संकलन गरी परिक्षण गरिएको थियो। प्रदेश १मा संक्रमितको संख्या ९ हजार ८ सय ९२ पुगेको छ। पिसियार परिक्षणको संख्या १ लाख ३६ हजार ४ सय १४ रहेको छ।

शनिवार ११ जना कोरोना विजेता वनेका छन्। डिस्चार्ज हुनेको संख्यां४ हजार ७ सय ८६ पुगेको छ।

# इम्युनिटी पावर बढाउने निःशुल्क काढा




विराटनगर। कोरोनाको महामारीवाट बच्नको लागि शरिरको इम्युनिटी पावर बढाउनको लागि लायन्स र लियो क्लब विराटनर द्धारा निःशुल्क काढा वितरण शुरु गरेको छ।

शनिवार देखि विराटनगरको मेन रोड गुद्रीचौकमा ठेला राखेर निःशुल्क रुपमा काढा विरतण शुरु गरिएको लाइन्स र लियो क्लब विराटनगरका अध्यक्ष प्रविण अग्रवालले वताए।

इम्युनिटी वढाउन वितरण गरिएको काढामा गिलोय, तुलसी, सोंठ, कालीमिर्च, पिपल, जायफल, लोंग र छोटी इलायची मिश्रण गरी मिलाएको आयुर्वेदिक काढा हो।

सो काढा खरीद गरी चियाको रुपमा निःशुल्क वितरण गरी रहेको छ। दुई दिनमा ६ सय जनालाई काढा वितरण गरि सकेको छ। यस अभियानको लागि लायन्स र लियोका साथीहरुले पालै पालो सहयोग गरि रहेको छ।

आयुर्वेदिक काढा वितरण कार्यक्रममा समाजिक अभियन्ता पेरिस सुवेदीको विशेष सहयोगर रहेको अध्यक्ष अग्रवाले वताए।

# सडकमा अलपत्र परेकालाई सहयोग

विराटनगर, असोज २५ गते। विराटनगर महानगर पालिका वडा नं. १८ स्थित आइपीसी सडकमा केही दिन देखि अलपत्र रहेका एक भारतीय नागरिकलाई समाजिक अभियन्ता जगरनाथ रायले सहयोग गरेको छ।

शरिरमा कपडा पनि नभएको र केही दिन देखि खाना समेत नपाएको खबर पाए पछि समाजिक अभियन्ता रायले कपडा, खानेकुरा र पानी लिएर पुगेका थिए।

त्यसको लागि पुर्वेली इनार सेवाका संचालक विरेन्द्र कुमार कामतले सहयोग गरेका थिए भने सडक पेटीमा रहेकोलाई सहयोग पुऱ्याउन जनता समाजवादी पार्टीका युवा नेता फैयाज आलमको उपस्थिति रहेको थियो।

सामाजिक अभियन्ता रायले समाजमा रहेको विपन्न, गरीब, बाढीपिडित लगायतलाई वेला(वेलामा सहयोग गर्दै आएको छ।

---

शनिवार दुई जना संक्रमितको मृत्यु भएको छ। विराट मेडिकल कलेजमा इटहरी उपमहानगर पालिका वडा नं. ५ की ६४ वर्षिय महिलाको उपचारको क्रममा मृत्यु भएको हो।

त्यसैगरी विराटनगरकै न्युरो अस्पतालमा मोरंगकै पथरी शनिश्चरेनगरपालिका वडा नं. ६ की ९२ वर्षिय बृद्धाको मृत्यु भएको छ।

## कोरोना (COVID - 19) भाइरसका बारेमा जनहितमा जारी सूचना

*१. कसरी सर्छ कोरोना भाइरस ?*

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

*२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन् ?*

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ,

*3. यसबाट बच्न के–के गर्ने ?*

क) साबुनपानीले राम्रोसँग हात धुने,
ख) खानेकुरा घोइपखाली राम्रोसँग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने,
च) चरा, मूसा, बिरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने।

**ग्रामथान गाउंपालिका**
**मोरंग, प्रदेश नं. १**

## कोरोना (COVID - 19) भाइरसका बारेमा जनहितमा जारी सूचना

*१. कसरी सर्छ कोरोना भाइरस ?*

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

*२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन् ?*

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ,

*3. यसबाट बच्न के–के गर्ने ?*

क) साबुनपानीले राम्रोसँग हात धुने,
ख) खानेकुरा घोइपखाली राम्रोसँग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने,
च) चरा, मूसा, बिरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने।

**जहदा गाउंपालिका, मझारे**
**मोरंग, प्रदेश नं. १**

**सूचना सूचना सूचना**

३

**सामाजिक सुरक्षा कोषमा आवद्धता**
**सुरक्षित जीवनको सुनिश्चितत्ता ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधी मन्त्रालय
सूचना तथा प्रसारण विभाग







क्राईम अपरेशन Crime Operation साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक:श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# चार तहको सरकार खोइ त जिम्मेबार

नेपालमा तीन तहको सरकार मात्र छ भनी सरकारले रटान लगाएको छ तर हामीसंग साचै भन्ने हो भने चार तहको सरकार छ । किन भने संघिय, प्रदेश स्थानीय भने पनि वडा कार्यालय पनि एउटा सरकार नै हो । घर-घरमा सरकार भनेपछि घरसम्म पुग्ने भनेकै वडा हो । भने सरकारको सवभन्दा तल्लो तहको सरकार भनेकै वडा हो । कतिपैय वडाका मुद्दाहरु वडा अध्यक्षले मिलाएको हुन्छ तर त्यहीका सदस्यहरुलाई थाहा हुंदैन त्यसैले सदस्यहरु वीचपनि लोकतान्त्रीक व्यवहार अपनाउन जरुरी छ हामी किन संघीयतामा गएको ? केन्द्रीय सरकार जनताबाट टाढा भयो । जनताको सेवा सुविधा दिन सरकार घरदैलोमै पुग्नुपर्छ भनेर संघीयतामा गएको होइन ? त्यसकारण अहिले जनताको प्रतिनिधिहरु त्यहीँ छन् । सबैभन्दा बढी जिम्मेवार, बढी उत्तरदायी र बढी चनाखो हुनुपर्ने स्थानीय सरकार हो ।

स्थानीय प्रतिनिधीहरु जिम्मेवार हुने सके समाजमा घट्दै आएको हिंसाका घटनाहरु जग्गा किचोलाका मुद्दाहरु बलात्कार घटनाहरुका अपराधीहरुलाई जनप्रतिनिधीहरुले सार्वजनिक गर्नुको सट्टा आर्थिक प्रलोभनमा परी घटनालाई दवाउने, मिलापत्र गर्ने, पिडितलाई धम्क्याउने लगायतका प्रवृतिहरुलाई जनप्रतिनिधीहरुले सुधार्नु पर्छ । समाजलाई सुधार्न अपराधीलाई मृत्यु दण्ड दिनु भन्दा पनि अपराधी प्रवृतिका मानिसलाई सुधार गृहमा राखेर काउन्सेलिङ्ग, मनोसामाजिक परामर्श, लगायतका विधी अपनाई समाजमा भईरहेको बलात्कार जस्तो जघन्य अपराधहरु, घरेलु हिंसाहरु, लगायतका घटनाका अपराधीहरुलाई कुनै पनि हालतमा मिलापत्रका नाममा उम्कन दिनु हुंदैन । अपराधीलाई सवै जनताका जनप्रतिनीधिहरुले मिलेर कारवाहीको दायरामा ल्याउनै पर्छ ।

अहिलेको परिपेक्षमा समाजमा सबभन्दा वढी भईरहेको घटना बलात्कार हो । बाबालिकाहरु आफ्नो घरमै असुरक्षित रहेका छन् । धेरै जसो घटनाहरु आफ्नै नाता गोता र छरछिमेकीवाट भई रहेको सार्वजनिक भई रहेको छ । ती घटनाहरुलाई जनप्रतिनिधीहरुले दवाउन खोजेसंग प्रहरी प्रशासनले पनि राजनीतिको प्रभाव, आर्थिक लेनदेनको प्रभावमा परेर पिडितहरुलाई झन पिडा दिने, धम्क्याउने, बयान फेर्न लगाउन जस्ता घटनाहरु समेत भई रहेको छ । त्यसैले नेपाल सरकारको मातहतमा रहेको प्रहरी प्रशासन पनि केही व्यक्तिले बदनामा भई रहेको छ । ती व्यक्तिहरुलाई पनि सुरक्षा निकायवाटै कारवाही हुन आवश्यक छ । समग्र रुपमा भन्दा प्रहरी प्रशासन र जनप्रतिनिधीहरुमा आमुल परिर्वतन हुन आवश्यक छ ।

# सरकारको प्राथमिकता मन्त्रिपरिषदमा अनुहार फेर्ने


नन्दलाल खरेल

सत्ता संघर्षमा झण्डै ६ महिनासम्म रुमल्लिएको सत्तारुढ नेकपा अहिले प्रचण्ड र ओलीको भागबण्डामा मन्त्रिपरिषदको विस्तारलाई लिएर रस्साकस्सी चलेको छ । हिजो सरकारको कार्यशैली र भ्रष्टाचारमा चुर्लुम्म डुबेको कारण ओली सरकारले पार्टी अध्यक्ष र सरकारको नेतृत्व अर्थात प्रधानमन्त्री पद दुवैबाट राजीनामा दिनुपर्छ भन्ने प्रचण्ड अहिले आफ्नो गुटका केही थान मानिसलाई मन्त्री बनाउनुपर्छ भनी अनुनय विनय गरिरहेका छन् । यो ज्यादै लज्जास्पद कुरा हो ।

सुनिन्छ, दुई गुटको भागबण्डाका लागि मन्त्रालयहरु टुर्क्याइँदैछ । मन्त्रालयको संख्या कम गर्नुपर्नेमा गुट व्यवस्थापनका नाममा मन्त्रालय टुर्क्याउनु संविधानको मर्म विपरीत र जनचाहनाको अपेक्षा विपरीत हो । यस्तो कार्यले 'समृद्ध नेपाल सुखी नेपाली' को नाराभन्दा पनि 'दुःखी नेपाल गरिब नेपाली' को चित्रण चरितार्थ भएको पुष्टि हुन्छ ।

केही समयअघि युद्धबिराम भएको नेकपा विवाद फेरि सतहमा देखिन थालेको छ । नेकपाको पार्टीभित्रको विवाद समाधान गर्न गठित कार्यदलले मन्त्रिपरिषद पुनर्गठन गर्नेसम्मको प्रस्ताव राखेर तयार पारेको प्रतिवेदनका आधारमा अहिले केपी र प्रचण्डवीच मन्त्रिपरिषद पुनर्गठनका बारेमा दिनहुँजसो छलफल भइरहेको छ । यो छलफलले फेरि दुईरचार महिना नलेला भन्न सकिन्न ।

प्रचण्ड सबै मन्त्रीहरुलाई विदा गरेर नयाँ मन्त्रीमण्डल बनाउने कुरामा जोड दिएका छन् भने ओली काम गर्न नसक्ने मन्त्रीहरुलाई विदाइ गरी अरु केही मन्त्रीहरुलाई थप्ने तयारीमा रहेको सुनिन्छ । उपाध्यक्ष बामदेव गौतमका कारण अहिले दुई अध्यक्षबीच सहमति जुट्न नसकेको देखिन्छ ।

मुख्यतः मन्त्री हुनकै लागि राष्ट्रियसभा पुगेका गौतमलाई कुनै अडानमा पार्टीका कार्यकारी अध्यक्ष प्रचण्ड उभिएका छन् भने सकेसम्म गौतमलाई मन्त्रि परिषदमा सहभागी नगराउने पक्षमा केपी शर्मा ओली छन् ।

नेपाली जनताको मनोविज्ञान यतिखेर के छ भने 'जुन जोगी आए पनि कानै चिरेको' भनेझै जुनसुकै मन्त्री आए पनि नेपाली जनताको तमाम समस्याहरु उनीहरुले पूरा गर्दैनन् । उनीहरुको बुझाई के छ भने राज्य ब्यवस्था परिवर्तन गर्दा त जनअपेक्षा पूरा भएन भने जावो मन्त्रीहरुको हेरफेरले केही हुने वाला छैन । यो बुझाइमा धेरै हदसम्म सत्यता छ ।

देशको बागडोर समालेका मुख्य व्यक्ति अर्थात प्रधानमन्त्रीको कार्यशैली नै अहिलेको परिस्थिति को जिम्मेवार हुन् । प्रधानमन्त्री जाहिल्यै पनि स्वच्छ, निर्भिक दुरदृष्टि भएको हुनुपर्छ तब मात्र मुलुकका धेरै संयन्त्रहरुमा गतिशीलता देख्न सकिन्छ । वर्तमान सत्तारुढ नेकपा गुटगत राजनीतिमा केन्द्रित छ । पार्टीमा अन्तसंघर्ष हुनु, बहस, मतभेद हुनु राम्रो कुरा हो तर यहाँ गुटहरुमा केन्द्रित छ राजनीति । एउटा गुटले अर्को गुटलाई छिर्के हान्ने, सफल नहुन नदिने र आफू अगाडि जाने परिपाटीको विकास भएको छ ।

सरकार अहिले दलाल पुँजीवादी भाइरसको चंगुलमा फसेको छ । यो भाइरस कोरोना भाइरस भन्दा खतरनाक छ । यो भाइरसले आफ्नो हित अनुकुलका मानिसलाई राज्यका महत्वपूर्ण ठाउँमा राखेर आफ्नो स्वार्थ सिद्ध गर्छ । एक सञ्चारकर्मी तथा लेखक राजाराम गौतमले तयार पारेको एक रिपोर्टलाई सापटी लिदै उनकै शब्दमा भन्नु पर्दा नेपालको राजनीति इतिहासमै यो सबैभन्दा बलियो सरकार हो ।

राष्ट्रिय अन्तराष्ट्रिय परिस्थिति यति धेरै अनुकुल भएको सरकार मुलुकले पहिलो पटक पाएको छ । २००७ सालपछि अहिलेसम्म सात दशक लामो राजनीतिक इतिहासमा हामीले विभिन्न आरोह-अवरोह खेप्यौं । राजाहरुको प्रत्यक्ष शासनसहित यो अवधिमा ५४ पटक सरकार बनेका छन् ।

मोहनशमशेर राणादेखि केपी ओलीसम्म आइपुग्दा २३ प्रधानमन्त्री मुलुकले खेपिसक्यो । २००७ देखि २०१७ सालसम्म मात्र १२ पटक सरकार फेरिए । ७ प्रधानमन्त्री भए, १०० हाराहारी मन्त्री भए । २०१७ सालपछिको तीसवर्षे पञ्चायती ब्यवस्थामा राजाको प्रत्यक्ष शासन रह्यो । राजाले नै नियुक्त गरेका ७ प्रधानमन्त्री र झण्डै ३०० मन्त्री त्यसबीच नियुक्त गरिए । २०४६ सालपछि पनि मुलुक राजनीतिक रुपमा स्थिर हुन सकेन ।

सरकार गठन विघटनका खेल चलिरहे र अस्थिरता मात्रै भइरह्यो । राजनीतिक अस्थिरतामै हामीले अरु तीस वर्ष बिताइसक्यौं । यसबीच २९ पटक सरकार गठन भए । ११ प्रधानमन्त्री भए, ८०० हाराहारी मन्त्री नियुक्त गरिए ।

नेतृत्वमा पुगेपछि म नै सर्वेसर्वा हुँ भन्ने स्वेच्छाचारी चिन्तन र प्रवृत्तिको विकास भएको छ । आफूलाई एउटा कम्युनिस्ट नेताको रुपमा भन्दा पनि शक्तिशाली शासक र सर्वोच्च नेताका रुपमा ठान्ने मनोग्रन्थले अहिले बढी काम गर्न थालेको छ । हिजो सिद्धान्त, नीति र पद्दतिको बारेमा प्रशिक्षण दिने नेताहरु आज तीनै नेताहरु ति चिजहरुलाई धोती लगाइदिएका छन् ।

भ्रष्टाचारीको मुख हेर्दिनँ भन्ने प्रधानमन्त्री आफैं भ्रष्टाचारको क्वारेन्टिनमा फसेका त होइनन् भनी प्रश्न खडा भएको छ । सरकारले गर्ने खर्चको एक-एक हिसाब बारे जान्ने अधिकार नागरिकलाई छ । किनभने, त्यो रकम तिर्ने नागरिकले कर वापत तिरेर जम्मा हुने हो ।

आज सत्तारुढ नेकपाको प्रत्येक गतिविधि नागरिकको पीडामा नुनचुक छर्किरहेको छ । कम्युनिस्ट भन्ने वित्तिकै वर्गीय प्रेम वर्गीय सदभाव झल्कन्थ्यो हिजो तर आज जनताले कम्युनिस्ट भनेको सबैभन्दा अयोग्य, अक्षम, खत्तम, सत्ता लिप्सा, मुर्ख अनि अनैतिक ब्यक्तिहरुको झुण्ड हो भनेर बुझ्न थालेका छन् ।

अँग्रेजीमा एउटा शब्द छ, 'क्लिप्टोक्रेसी' यसको अर्थ दलाल, ठग र चोरहरुले चलाएको सरकार हो । यस्तो सरकारमा भ्रष्ट व्यक्तिहरुले आफ्नो सत्ताको शक्तिलाई प्रयोग गरेर राज्यको दोहन गर्छन् । आज नेपाली राजनीति' क्लिप्टोक्रेसी'को सिकार भएको छ । आज नीति होइन व्यक्ति प्रधान भएको छ । व्यक्तिले नै सत्ता र पार्टी कब्जा गरेको छ ।

'समृद्ध नेपाल सुखी नेपालीको' मूल नारालाई सार्थक बनाउने दुई तिहाइको कम्युनिस्ट सरकारले अहिले सम्म ३ वटा बजेट प्रस्तुत गरिसकेको छ । यी तिनवटै बजेटमा आम गरिब, किसान, मजदुर, उत्पीडनमा परेका वर्गको लागि कम्युनिस्ट सरकार भएर पनि कुनै काम गर्न सकेको देखिएको छैन । अरु त के कुरा गरौं सरकार राजस्व उठाउन र खर्च गर्न समेत असफल भएको छ । हुन त ओली नेतृत्वको सरकारले असारे रोगको पुनरावृति नहुने घोषणा गरेका थिए । तर यो रोग झन बढेर गएको छ । यो रोगको कहिले र कसरी अन्त्य हुने हो यसै भन्न नसकिने अवस्था छ ।

मुलुकमा आज दुई तिहाइ नजिकको शक्तिशाली सरकार छ । यो कम्युनिस्ट कै नामको सरकार हो र शक्तिकाली पनि । हुन त अक्सर शासकहरु संकटको मौका छोपेर अधिनायकवादी हुने धृष्टता गर्छन । कतै यो सरकार पनि कम्युनिस्ट अधिनायकवाद तर्फ उन्मुख भैरहेको त छैन भन्ने आशंका आम जनतामा पर्न थालेको छ । कम्युनिस्ट अधिनायकवाद भनेको बहुसख्यक जनताले आफ्नो हितको लागि अल्पसंख्यक पुँजीवादी माथि गरिने शासन हो । तर, हाम्रो मुलुकमा यसको ठीक उल्टो छ ।

अझ स्पष्ट भन्नु पर्दा औंलामा गन्न मिल्ने शासकहरु दलाल पुँजीपति र नोकरशाहीले मुलुकलाई अधिनयाकवादतर्फ लगेका छन् । अर्थात् आफ्नो मुट्ठीमा राखेका छन् । मुलुक असली कम्युनिस्ट अधिनायकवादको मर्मअनुसार हिँडेको भए राम्रो हुन्थ्यो । तर, त्यसको मर्मअनुसार नहिँडेको कारणलले सारा नेपालीहरुले दुःख पाइरहेको अवस्था छ । नेपाल मात्र होइन संसारमा जताततै स्वेच्छाचारी शासक र तानाशाहीलाई अहिले यो 'महामारी' शक्ति हत्याउने अभूतपूर्व अवसर प्राप्त भएको छ । 'दी इकोनोमिष्ट' को रिपोर्टलाई सापटी लिदै भन्नु पर्दा अहिले ८४ भन्दा बढी मुलुकले संकटकालीन कानून सक्रिय बनाएका छन् । जसलाई कार्यकारी प्रमुखलाई अतिरिक्त शक्ति प्रयोगको अधिकार दिएको छ ।

केपी शर्मा ओली सरकारले ल्याएका दुई अध्यादेशहरु दलसम्बन्धी विधेयक र संवैधानिक निकाय सम्बन्धी विधेयक पनि यस्तै

वांकी ३ पेजमा...

# साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ): भ्रमण खानपान तथा श्रृगार मा धन खर्च हुने छ । साताको अन्तिम तिर कार्य क्षेत्र वा समाजमा कुरा काट्नेको संख्या बढे पनि साथीसंग राम्रो सहयोग मिल्ने छ ।**

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो): प्रेमका कोपिलाहरु फक्रिएर जाने छ । शेयर कारोबारबाट फाईदा हुनुका साथै छोटो र रमाइलो यात्रापनि हुनेछ ।**

**मिथुन (क, कि, कु, घ, ङ, छ, के, को, ह)** : सामाजिक प्रतिष्ठा प्राप्त हुने देखिन्छ । नयां-नयां कामगरी समाजको ध्यान आफुतिर आकर्षित गर्न सकिने छ । प्रेम प्रस्ताव प्राप्त हुन सक्छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)**: व्यपार व्यवसायवाट विशेष लाभ हुने देखिन्छ । अचल सम्पत्ती हातपर्ने योग छ । राम्रो बोल्दा बोल्दै पनि अपजस आइलाग्न सक्छ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)**: धन प्राप्तीको लागि पेशा, व्यवसाय एव स्थान परिवर्तन हुन सकछ । मंगलिक कार्यमा उपस्थितिका साथै विशिष्ट व्यक्तिको भेटघाटले मन प्रसन्न हुने छ ।

**कन्या (टो, प, पी, पू, ष, ण, ठ, पे, पो)**: नयाँ ठाउँमा रमाईला यात्राहरू हनेछन् । खर्च बढेपनि आम्दानी भन्दा बढी खर्च हुनेछैन । झैझगडा र मुद्दामामिलाबाट टाढिनु नै जाति हुन्छ

**तुला (रा, री, रु, रे, रो, ता, ती, तु, ते)**: अभिभावकको सुझावले उचाइमा पुर्‍याउन सहयोग गर्नेछ । वाहान लाभपनि हुने समय छ प्रेमीरप्रेमिकाकाबिच खिन्नता बढ्नेछ ।

**वृश्चिक (तो, ना, नि, नू, ने, नो, या, यि, यू)**: आर्थिक पक्ष सबल हँदै विदेश भ्रमण गर्ने अवसर जुट्न सक्छ । भौतिक सुविधाका साधन खरिद गर्ने अवसर जुट्न सक्छ ।

**धनु (यो, भा, भी, भू, ध, फा, ढ, भे)**: सामाजिक कार्य गर्दा मान-प्रतिष्ठा कायम राख्न गोपनियतामा ध्यान पुऱ्याउनुहोला । नजिकको व्यक्तिको सहयोगबाट कार्य पुरा हुनेछ

**मकर (भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी)**: सभा-सेमिनारमा सहभागी हुने अवसर प्राप्त होला । विद्या, बुद्धि र सन्तान सुख मिल्नेछ । अतिथिको रूपमा सत्कार पाइनेछ ।

**कुम्भ (गु, गे, गो, सा, सी, सु, से, सो, द)** : छोटो यात्रा सफल नै हुन्छ, । तार्किक क्षमता एवं बोलीको प्रभावले स्वरोजगार भइनेछ । रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ

**मीन (दी, दु, थ, झ, ञ, दे, दो, च, ची)** : काम गर्दा आकस्मिक समस्या आइलागेपनि समस्याको हलसमेत निस्कनेछ । मित्रहरूबाट सहयोग जुट्नेछ । व्यापार व्यवसायबाट आम्दानी हुनेछ ।

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन वार्षिक समिक्षा तथा योजना तर्जुमा गोष्ठी

विराटनगर । धनपालथान गाउंपालिकामा स्वास्थ्य सेवालाई प्रभावकारी बनाई आमनागरिक सम्म पहुँच पुऱ्याउने उदेश्यले वार्षिक योजना तथा योजना तर्जुमा गोष्ठी शुरु भएको छ ।

दुई दिन सम्म चल्ने सो गोष्टीको उद्घाटन गर्दै धनपालथान गाउँपालिकाका अध्यक्ष हरिलाल सिंहले भने 'स्वास्थ्य सेवा जस्तो सम्वेदन शील पेशामा लाग्नु भएकोले त्यसलाई कसरी प्रभावकारी वनाउने तपाई स्वास्थ्य सेवा प्रमुखहरुको काम हो । त्यसको लागि के गर्नुपर्छ वडा अध्यक्षसंग छलफल गरेर आउनुहोस बजेट व्यवस्थपन गर्न गाउँपालिका तयार छ' । भन्दै वडाहरुको स्वास्थ्य चौकीहरुको केही गुनासोहरु पनि आउने गरेको छ त्यसलाई सच्याउन निर्देशन समेत दिनु भयो ।



सो दुई दिने गोष्ठीमा सातवटै वडाका वडा अध्यक्षहरु र स्वास्थ्य चौकीका प्रमुखहरुको उपस्थितिमा प्रत्येक वडाका स्वास्थ्य चौकी प्रमुखहरुद्धाराले वडाको स्वास्थ्य स्थितिवारे कार्यविवरण प्रस्तुत गर्ने कार्यक्रम रहेको छ ।

ध्नपालथान गाउँपालिकाको कुल जनसंख्या ४४ हजार ७ सय २० रहेको छ । ७ वटा वडा मध्ये ६ वटा वडामा स्वास्थ्य चौकी रहेको छ भने १ वडा वडामा आधारभूत स्वास्थ्य चौकी रहेको छ । २ वडा वर्थिङ्ग सेन्टर २७ वटा खोप क्लिनिक, डट्स सेन्टर ७ वटा रहेको छ ।

निकट भविष्यमा ५ वेडको कोभिड अस्पताल संचालन गर्ने भएको छ । कोभिड-१९ को महामारीले २०७६ चैत्र ११ गतेको लकडाउन को वेला भारतसंग सिमाना जोडिएका वडा नं. १, २ र ३ स्थिति नेपाल भारतको सिमानामा हेल्प डेक्स, फिवर जांच क्लिनिक समेत संचालन गरिएको धनपालथान गाउंपालिकाका स्वास्थ्य प्रमुख ऋषिकेष राज सेठले जानकारी दिदै दुई दिनको छलफल पछि नयां योजना पनि तर्जुमा गर्ने वताए । सो गोष्ठी भोली सम्म चल्ने छ ।

# लागुऔषध सहित तीन पक्राउ

सुनसरी । सुनसरीको ईनरुवा नगरपालिका वडा नं. ३ स्थित राजमार्ग एरियाबाट प्रतिबन्धित लागुऔषध सहित दुई जना पक्राउ परेका छन ।

पक्राउ पर्नेमा सुनसरी दुहबी दुहवी नगरपालिका वडा नं. १० का २६ बर्षीय दिपक कुमार यादब र हरीनगर गाउँपालिका वडा नं. ६ का ३४ बर्षीय सहिद मिया रहेका छन । पक्राउ परेका दुबै जनाले राजमार्ग छेउको झाँडीमा लागुऔषध लुकाई छिपाई राखिरहेको भन्ने सुचनाका आधारमा तत्काल जिल्ला प्रहरी कार्यालय सुनसरीबाट खटिएको प्रहरी टोलीले उनिहरुलाई शनिवार नियन्त्रणमा लिएको हो ।

नियन्त्रण पश्चात उनिहरुले लुकाउदै गरेको बोरा चेकजाँच गर्दा १ सय ४० बोतल डाइलेक्स डीसी ३ हजार ९ सय ६० क्याप्सुल, एसपासमो प्रोक्सीभोन र १ हजार ३ तीन ५० निटरा भेट ट्याप्लेट फेला पारी बरामद गरिएको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ ।

त्यसै गरी सुनसरीकै कोशी गाँउपालिका वडा नं. ३ नहर चोकबाट २८ बर्षीय कमरुदिन मिया लागुऔषध सहित पक्राउ परेका छन । विशेष सुराकका आधारमा उनलाई हिजो पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ । मियालाइ पक्राउ गरिएसंगै उनले बोकेको झोला खोलेर चेकजाँच गर्दा ४५ बोतल डाइलेक्स डीसी र ३ सय २८ क्याप्सुल एसपासमो प्रोक्सीभोन फेला बारी बरामद गरिएको हो । यसरी लागुऔषध सहित पक्राउ परेका तिनै जना उपर थप अनुसन्धान तथा कानुनी कारबाही अगाडी बढाईएको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ ।

# खैरोहिरोईन सहित १ महिला पक्राउ

झापा । झापाको दमक नगरपालिका वडा नं. ९ दिपज्योती उराउ टोल बस्ने ३० बर्षीया रुपा चौधरी भण्डारी लागुऔषध खैरोहिरोईन ब्राउनसुगर सहित पक्राउ परेकी छिन ।



उनलाई ईलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको हो । रुपाले आफ्नै घरबाट ब्राउनसुगरको किनबेच गर्ने गरेको विशेष सुराकका आधारमा खटिएको प्रहरी टोलीले उनको घरमा खानतलासी गरेको थियो ।

खानतलासी गर्ने क्रममा पलङमुनि लुकाईछिपाई छुट्टाछुटै ५ वटा प्लाष्टिकको पोका बनाई राखेको अवस्थामा ३५ ग्राम खैरोहिरोईन ब्राउनसुगर र नगद ७४ हजार ६ सय १५ रुपैया समेत फेला पारी बरामद गरिएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

यसरी लागुऔषध सहित पक्राउ परेकी रुपा उपर ईलाका प्रहरी कार्यालय दमकबाट थप अनुसन्धान तथा कानुनी कारबाही अगाडी बढाईएको छ ।

# सरकारको...

उद्देश्य राखी ल्याइएको थियो । चौतर्फी विरोधपछि ती विधेयक खारेज गरियो । अहिले फेरि स्वास्थ्य संकट घोषणा गरी आफ्नो अभिष्ट पूरा गर्ने योजनाको तानावाना बुनिरहेको छ सरकारले ।

विश्वभरका राज्य संयन्त्र र विशेषगरी राजनीतिक नेतृत्व अहिले संकट समाधानका लागि प्रयत्नशील छन् । भ्रष्टाचारीको मुख नहेर्ने दाबी गर्ने केपी शर्मा ओली नेतृत्वको सरकार भ्रष्टाचारको क्वारेन्टाइनमा फसेको छ । कोभिड - १९, लाई नियन्त्रण गर्ने देशहरुको अनुभवलाई हेर्दा त्यहाँ सरकार अग्रपङ्तिमै आएर काम सम्पन्न गरेको देखिन्छ । सरकारका सबै निकाय प्रधानमन्त्री, मन्त्रीहरु, सांसद, प्रहरी, सेना, कर्मचारीहरु सबै कृयाशील छन् । तर, हाम्रो सरकार लकडाउनमा उल्टो भयो । लकडाउनका बेला अनियमितता, भ्रष्टाचार पो मौलाएको देखियो ।

सरकारले लकडाउनको अढाई महिनामा कोरोना रोकथाम र नियन्त्रणका नाममा खर्चेको १० अर्ब रुपैयाँको चौतर्फी बिरोध भएपछि सरकारले ८ अर्ब ३९ करोढ ११ लाख १९ हजार रुपैया खर्च सार्वजनिक गरेको छ । यसअघि उपप्रधान तथा रक्षामन्त्री नेतृत्वको कोरोना रोकथाम तथा नियन्त्रण उच्च स्तरीय समन्वय समितिले ९ अर्व ८७ करोड रुपैया खर्च भएको विवरण सार्वजनिक भएको थियो ।

औसतमा दैनिक करिब साढे १३ करोड दरले खर्च भएको उक्त रकम विवरण सार्वजनिक गर्न संसददेखि सडकसम्म आवाज उठेका छन् । यस्तो अवस्थामा सरकारले खर्च विवरण देखाउनको सट्टा सरकारका प्रधानमन्त्री नै यो कोरोना नियन्त्रण गर्ने समय हो, खर्च देखाउने समय होइन भनी सरकारका मन्त्रीहरु, राज्यका अन्य विभिन्न निकायको बचाउ गरेका छन् ।

भ्रष्टाचारीको मुख हेर्दिनँ भन्ने प्रधानमन्त्री आफैं भ्रष्टाचारको क्वारेन्टिनमा फसेका त होइनन् भनी प्रश्न खडा भएको छ । सरकारले गर्ने खर्चको एक-एक हिसाब बारे जान्ने अधिकार नागरिकलाई छ । किनभने, त्यो रकम तिर्ने नागरिकले कर वापत तिरेर जम्मा हुने हो ।

सरकारले अनियमितता गरेमा अनुसन्धान गरेर मुद्दा चलाउने अधिकार संवैधानिक अंग अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई छ । तर, त्यो निकाय पनि सरकारको इसारामा चलेको जस्तो देखिन्छ । नत्र सवा अर्बभन्दा बढीको अनियमितता र ओम्नी समूहबाट ३५ करोड रुपैयाँ असुल नगरी राज्यकोषमा नोक्सान परेको विषयमा उसको प्राथमिकतामा परेको पटक्कै देखिएको छैन ।

सरकारको कार्य विभाजन नियमावली-२०७४ अनुसार संघमा हाल २२ मन्त्रालय छन् र ती मातहत ५७ वटा विभाग छन् । यी कुनै पनि निकाय कार्यबोझकै कारण थलिएका छैनन् । कामको चाप थेगिनसक्नु भएर अर्को निकाय बनाउनु पर्ने आवश्यकता छैन । यिनलाई घटाएर १६ मन्त्रालय र ३५ विभाग मात्रै बनाउनु पर्ने सुझाव खर्च पुनरावलोकन आयोगको छ । अरु कति अध्ययनले त यो सख्या अझ कम हुनुपर्छ भनेका छन् ।

जतिसुकै सानो सरकारी कार्यालय पनि औचित्यका आधारमा मात्र खोलिनु पर्छ । त्यो पनि संगठन तथा व्यवस्थापन सर्वेक्षण गरेर मात्रै । सिर्फ नेताहरुको व्यक्तिगत स्वार्थ र लहरमा सिँगै मन्त्रालय नयाँ बनाउनु खोज्नु विधि व्यवस्थाकै धज्जी उडाउनु हो । दुई तिहाई नजिकको मत पाएर नेकपा सरकामा पुगेपछि पहिलेजस्तो राजनीतिक भागबन्डाका आधारमा मन्त्रालयहरु फुटाउने र जोड्ने काम हुँदैन भन्ने जनविश्वास थियो छ जुन गलत साबित नहोस् । निश्चित समयपछि आवश्यकताको आधारमा कार्यविभाजनको विश्लेषण गरी मन्त्रालय संख्या निर्धारण गरिने परिपाटी स्थापित हुनुपर्छ ।

अन्त्यमा, सरकारको यतिबेलाको प्राथमिकता भनेको कोरोना भाइरसको महामारीबाट जनतालाई कसरी बचाउने र अहिलेको आर्थिक संकटलाई कसरी पुनरुत्थान गर्ने भन्नेमा केन्द्रित हुनु पर्ने हो । तर, त्यसको विपरीत हुन गएको छ । देशलाई संकट परिरहेको अवस्थामा कताबाट भ्रष्टाचार गर्न सकिन्छ कसरी शासन सत्तामा लामो समय बस्न सकिन्छ त्यस कुराको मात्र चिन्ता देखिएको छ ।

विश्वभरका राज्य संयन्त्र र विशेष गरी राजनीतिक नेतृत्व अहिलेको संकट समाधानका लागि प्रयत्नशील छन् । भ्रष्टाचारको मुख नहेर्ने दावी गर्ने केपी शर्मा ओली नेतृत्वको सरकार अहिले भ्रष्टाचारको क्वारेन्टिनमा फसेको छ । कोभिड-१९ लाई नियन्त्रण गर्ने देशहरुको अनुभवलाई हेर्दा त्यहाँ सरकार अग्रपङ्तिमै आएर काम सम्पन्न गरेको देखिन्छ ।

सरकारका सबै निकाय प्रधान मन्त्री, मन्त्रीहरु, सांसद, कर्मचारी, प्रहरी, सेना सबै क्रियाशील छन् तर हाम्रो सरकार महामारीमा उल्टो भयो । लकडाउन को बेलामा अनियमितता, भ्रष्टाचार पो मौलाएको देखियो ।

अनलाईन खबरबाट





## कोरोना (COVID - 19) भाइरसका बारेमा जनहितमा जारी सूचना

*१. कसरी सर्छ कोरोना भाइरस ?*

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

*२. कोरोना भाइरसका लक्षण के-के हुन सक्छन् ?*

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्ते हुनु ,

*3. यसबाट बच्न के-के गर्ने ?*

क) साबुनपानीले राम्रोसँग हात धुने,
ख) खानेकुरा घोइपखाली राम्रोसँग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने,
च) चरा, मूसा, बिरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

**कानेपोखरी गाउंपालिका, मोरंग प्रदेश नं. १**



## सूचना सूचना सूचना

सड्क क्षेत्रको दायाँ बायाँ रहेका रुख काट्नु सार्वजनिक अपराध हो । यसरी रुखहरु काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौ । सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं ।

**सडक डिभिजन विराटनगर, प्रदेश नं. १**

# विराटनगरमा अन्तराष्ट्रिय विमानस्थल बनाउन त्रिपक्षीय हस्ताक्षर



विराटनगर। विराटनगर विमानस्थललाई अन्तार्रष्ट्रिय स्तरको अत्याधुनिक विमानस्थलका रुपमा स्तरोन्नति गर्न तीन तहका सरकारबीच समझदारी भएको छ ।

संघीय सरकार अन्तर्गतको नागरिक उड्डयन प्राधिकरण, १ नं. प्रदेश सरकार र विराटनगर महानगर पालिकाबीच विमानस्थल स्तरोन्नती सम्बन्धि त्रिपक्षीय लागतसाझेदारी सम्बन्धी समझदारीपत्रमा सोमबार हस्ताक्षर भएको हो ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेश भट्टराई र प्रदेश १ का मुख्यमन्त्री शेरधन राईको उपस्थितिमा विराटनगरमा समझदारी पत्रमा हस्ताक्षर भएको छ । । समझदारीपत्रमा प्रदेश सरकारका तर्फबाट उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिव मेघराज काफ्ले, विराटनगर महानगरपालिकाका तर्फबाट महानगरका प्रमुख प्रशासकीय अधिकृत ईन्द्रमणि पोखरेल र नागरिक उडड्यन प्राधिकरणका तर्फबाट महानिर्देशक राजन पोखरेलले हस्ताक्षर गर्नुभएको छ ।

समझदारीपत्रमा १५०० मिटर लम्बाईको विमानस्थलको धावनमार्ग विस्तार गरी ३००० मिटरको बनाउने समझदारीपत्रमा उल्लेख छ । त्यसको लागि संघीय सरकारले खासगरी जग्गाको मुआब्जाको लागि ५० प्रतिशत, प्रदेश सरकारले ४० प्रतिशत र विराटनगर महानगरपालिकाले १० प्रतिशत लागत बेहोर्ने समझदारी भएको छ ।

विमानस्थलको विस्तारको लागि यसअघि प्रदेश सरकारले मन्त्रि परिषदबाट निर्णय गरेर संघीय सरकारलाई सिफारिस गरेको थियो भने लागत सहभागिता पनि जनाउने घोषणा गरेको थियो । सोहीअनुसार विराटनगर विमानस्थललाई काठमाडौं को त्रिभुवन विमानस्थल र भैरहवाको गौतमबुद्ध विमानस्थलकै स्तरमा पुग्नेगरी क्षमता अभिवृद्धि गरिने भएको छ ।

सम्झौता अनुसार विराट नगर विमानस्थलको धावनमार्ग विस्तार गरी ३ हजार मिटर पुऱ्याउने तथा अन्य आवश्यक पूर्वाधार बनाएर विमानस्थललाई अन्तर्राष्ट्रिय स्तरको बनाइनेछ । विमानस्थलको विकास, बिस्तार र स्तरोन्नति सम्बन्धी प्राविधिक प्रतिवेदन (गुरुयोजना) तयार गरी सो बमोजिम जग्गा अधिग्रहण र मुआब्जा वितरण समेतका लागि नेपाल सरकारबाट गर्ने निर्णयको जिम्मेवारी नागरिक उड्डयन प्राधिकरणले पाएको छ ।

विमानस्थलको डिजाइन, डीपीआरसहितका कार्ययोजना लगायत आवश्यक कामसमेत प्राधिकरणले गर्नेछ । विमानस्थल निर्माणको अन्य कामको लागि पनि यथासक्य लागत साझेदारीको पहल गरिने मन्त्री भट्टराईले जानकारी दिनुभयो । पर्यटन क्षेत्रको विकासको लागि तीन तहको सरकारबीच लागत साझेदारीको अवधारणमा अगाढि बढ्न खोजेको उहाँको भनाइ छ ।

समझदारी पत्रमा हस्ताक्षर हुनु प्रदेशको लागि गौरबपूर्ण ऐतिहासिक क्षण भएको मुख्यमन्त्री शेरधन राईले बताउनुभयो । विराटनगर विमानस्थलको स्तरोन्नतीले प्रदेशको राजधानी विराटनगर मात्र नभएर सिंगो प्रदेशकै विकासमा टेवा पुग्ने उहाँको भनाइ थियो । विमानस्थलको विकास तथा विस्तारका लागी भएको त्रिपक्षीय समझदारीलाई संघीयता कार्यान्वयनको कडीको रुपमा लिन सकिने प्रदेश नं. १ का मुख्यमन्त्री शेरधन राईले बताउनुभयो ।

समझदारीपत्रमा हस्ताक्षर भएसँगै अब संघीय सरकारको मन्त्रीपरिषदबाट विमानस्थल निर्माणको लागि प्रस्ताब पर्यटन मन्त्रालयले अगाडि बढाउने प्रदेशह सरकारका उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री जगदिसप्रसाद कुसियैतले जानकारी दिनुभयो । नयाँ संरचना र नयाँ मोडेलसहित निर्माण हुन गईरहेको अन्तराष्ट्रियस्तरको विराटनगर विमानस्थलले समृद्धिको आधार तय गर्ने विराटनगर महानगरपालिकाका प्रमुख भीम पराजुलीले बताउनुभयो ।

संघीय मन्त्रिपरिषदको स्वीकृति पाएपछि नागरिक उड्डयन प्राधिकरणले डिपिआर निर्माणसहित जग्गा अधिग्रहणको काम अगाडि बढाउने जनाएको छ । विमानस्थल विस्तारका लागि गतवर्ष उत्तर-दक्षिण चौडाईका लागि आावश्यक केही जमिन सरकारले अधिग्रहण गरिसकेको छ । विमानस्थल ३ हजार मिटरमा विस्तार भए धावन मार्गको मध्यबिन्दुबाट १७० मिटर उत्तरदक्षिण चौडाई आावश्यक पर्ने हुँदा थप जमिन अधिग्रहण गर्नुपर्ने अवस्था हुने प्राधिकरणका विराटनगर प्रमुख उत्सव खरेलले जानकारी दिनुभयो ।

विराटनगर विमानस्थल २५ सय मिटरमा विस्तार गर्दा पश्चिम केशलिया नदी पूर्वका जग्गा अधिग्रहण हुनेछ । तर, धावन मार्ग ३ हजार मिटरमा बिस्तार गर्ने तय भएपछि नदीमा पुल हाल्नुपर्ने वा नदीको बहाव परिवर्तन गर्नुपर्ने भएको छ । तर, तत्काललाई जग्गा अधिग्रहणको काम अगाडि बढेपनि विमानस्थल भने २५ सय मिटरमै विस्तार हुने बताइएको छ ।

## अबैद्ध गहू र मिक्सदाल बरामद



विराटनगर, भाद्र २० गते । अबैद्ध रुपमा भारतवाट पैठारी गरी घरमा भण्डारण गरिएको गहुँ र नेपालबाट भारत तफै लैजादै गरेको मिक्सर दाल प्रहरीले बरामद गरेको छ ।

मोरंग जहदा गाउँपालिका वडा नं. १ कुलरिया घर भएका धर्मचन्द्र साहको घरमा भारतवाट नेपाल तर्फ गहुँ पैठारी गरी भण्डारण गरेको प्रप्त सूचनाको आधारमा इलाका प्रहरी कार्यालय बुधनगरवाट खटिएको प्रहरीले भण्डारण गरिएको गहुँ बरामद गरिएका हो ।

साहको घर अगाडीवाट ३ वटा साईकल र २० केजीको दरले १० वोरा गहुँ फली मानिस भागेको र साहकै घर आगनमा भारतवाट अवैघ रुपमा पैठारी गरी ६० केजीका दरले ९४ बोरा गहुँ गरी जम्मा ६ हजार २ सय ४० केजी गहुँ जिल्ला प्रहरी कार्यालय मोरंग र ईलाका प्रहरी कार्यालय रानीले बरामद गरी आवश्यक कारवाहीको लागि भन्सार कार्यालय रानीमा बुझाएको छ ।

त्यसैगरी मोरंग जहदा गाउँपालिका वडा नं. ७ तरेगामा सिमानाकामा नेपालवाट भारततर्फ लैजाँदै गरेको ५० बोरा मिक्सर दाल बरामद गरी कारवाहीका लागि भन्सार कार्यालय रानीमा बुझाएको छ । अवैध रूपमा भारततर्फ लैजाँदै गरेको मिक्सर दाल बरामद गरी आवश्यक कारवाहीको लागि मुल भन्सार कार्यालय रानीमा बुझाएको छ ।

## ५ वर्ष देखि फरार अपराधी पक्राउ

विराटनर, असोज २२ गते । जिल्ला अदालत मोरङवाट सजाय र जरीवाना तोकिएका लागुऔषधका फरार अपराधी ५ वर्षपछि पक्राउ परेको छ ।

२०७३ साल अषाढ ३ गते फैसलाले १८ दिन कैद र रु. २ हजार जरिवाना भएका लागूऔषध मुद्दामा (डाईलेक्स डिसी ४ बोतल) हालसम्म फरार रहेका जिल्ला मोरङ बिराटनगर महानगरपालिका वडा नं. १५ बस्ने वर्ष ३७ को राजू पासमानलाई जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले २१ गते बुधवार पक्राउ गरेको हो ।

बिराटनगर महानगरपालिका वडा नं. १५ स्थित भट्टीमोड चोकबाट पक्राउ गरी आवश्यक कार्वाहीको लागि सम्मानित जिल्ला अदालत मोरङमा बुझाईएको छ ।

## लागुऔषध सहित दुई जना पक्राउ

सुनसरी, असोज २० गते । सुनसरीको इनरुवा नगरपालिका वडा नं. ७ वर्छवा चोक स्थितबाट दुई जना प्रतिबन्धीत लागुऔषध सहित पक्राउ परेका छन ।

पक्राउ पर्नेमा सुनसरी हरिनगर गाउँपालिका वडा नं. ७ कविलासा घुस्कीको उपेन्द्र सरदार र सोही स्थानको हरिशंकर सरदार रहेका छन । विशेष सुराकका आधारमा जिल्ला प्रहरी कार्यालय सुनसरीबाट खटिएको प्रहरी टोलीले उनिहरुलाई नियन्त्रणमा लिएको थियो ।

ज ८ प ५९३६ नम्बरको मोटरसाईकलमा आएका दुबै जनालाई चेकजाँच गर्दा प्लाष्टिकको बोरामा लुकाई छिपाई ल्याएको डाइलेक्स डीसी ८९ बोतल, एसपामो प्रोक्सीभोन ७ सय ६८ क्याप्सुल र नेटराभेट ४ सय २० ट्याब्लेट लागुऔषध बरामद भएको छ ।

लागुऔषध सहित प्रकाउ परेका उपेन्द्र र हरिशंकर उपर थप अनुसन्धान तथा कानुनी कारबाही अगाडी बढाईएको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ ।







### कोरोना (COVID - 19) भाइरसका बारेमा जनहितमा जारी सूचना

*१. कसरी सर्छ कोरोना भाइरस ?*

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

*२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन् ?*

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ,

*3. यसबाट बच्न के–के गर्ने ?*

क) साबुनपानीले राम्रोसँग हात धुने,
ख) खानेकुरा घोइपखाली राम्रोसँग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने,
च) चरा, मूसा, बिरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

**बुढी गंगा गाउंपालका मोरंग, प्रदेश नं. १**



### कोरोना (COVID - 19) भाइरसका बारेमा जनहितमा जारी सूचना

*१. कसरी सर्छ कोरोना भाइरस ?*

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

*२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन् ?*

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ,

*3. यसबाट बच्न के–के गर्ने ?*

क) साबुनपानीले राम्रोसँग हात धुने,
ख) खानेकुरा घोइपखाली राम्रोसँग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने,
च) चरा, मूसा, बिरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।



**बेलवारी नगरपालिका मोरंग, प्रदेश नं. १**



### स्वाच्छ खाद्य उपभोगका लागि अनुरोध

- प्याकिङ्ग भएको खाद्य पदार्थको बाहिरी आवरणमा लेवलमा खुलाउनुपर्ने उत्पादन मिति, उपभोग्य मिति, व्याच नम्बर, तौल/आयतन, उद्योगको पुरा नाम ठेगाना आदि हेरेर मात्र खरीद गरौं । साथै उपभोग्य मिति नाघेका खाद्य पदार्थ खरिद नगरौं ।
- अखाद्य रंग प्रयोग भएका/अत्यधिक रंग प्रयोग भएका रङ्गीचङ्गी मिठाई लगायतका खाद्य पदार्थ खरीद नगरौं ।
- सडेगलेका, झिंगा भन्केका, खुल्ला (नछोपी) राखेका फोहर ठाउा तथा विषाक्त अवस्थामा तयार पारिएका धुलो पर्ने स्थानमा राखेका खानेकुराहरु खरिद तथा उपभोग नगरौं ।
- पाकेट फूटेका, खिया लागेका बट्टामा रहेका खानेकुरा, ढुसी परेका, किरा लागेका, डल्ला परेका, अस्वाभाविक, गन्ध आउने खाद्य पदार्थको प्रयोग नगरौं ।
- तेलमा तारका पकाएका खानेकुरा खाादा पत्रपत्रिकामा राखि खाने बानी नगरौं ।
- ताजा र स्वच्छ खाद्य बस्तुको उपभोगमा ध्यान दिऔं ।
- खाद्य पदार्थको गुणस्तर सम्बन्धमा समस्या भएमा कार्यालयमा गुनासो/उजुरीको माध्यमबाट जानकारी गराऔं ।

**खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, विराटनगर, मोरंग**
**सम्पर्क फोन नं. ०२१४७०२२१, ४७०८२८**
**इमेल : rftqcobrt@gmail.com**

# लायन्स र लियोद्धारा कुरुवालाई खाना



विराटनगर। लायन्स र लियो क्लव अफ विराटनगरले संयुक्त रुपमा कोशी अस्पतालका कुरुवाहरुलाई १० दिन देखि निशुल्क खाना वितरण गर्दै आएको छ।

कोशी अस्पतालमा भर्ना भएका विरामीहरुलाई अस्पतलकै तर्फवाट खाना खुवाउने गरेको तर विरामीसंग रहेको कुरुवाहरुलाई कोरोनाको कारण खानाको लागि अप्ठ्यारो परको डा. सम्भु साहले लायन्स क्लव अफ विराटनगर हेल्थ प्रोफेसनल टीममा राखेपछि लायन्सका निवर्तमान अध्यक्ष डा. बालकृष्ण साहको नेतृत्वमा अस्पतलका कुरुवाहरुलाई दिनहुँ निशुल्क खाना वितरण गरि रहेको छ।

स्वस्फुर्त रुपमा क्लवका सदस्यहरुको सहयोगले अस्पतालमा भर्ना भएका विरामीको कुर्वाहरुलाई नि:शुल्क खाना वितरण गदै आएको डा. साहका भनाई छ।

कोरोना भाइरस (कोभिड-१९) को महामारीको बेलामा विरामीको कुरुवाहरुलाई खाना खान निकै अप्ठ्यारो महसुस गरी बिरामीको कुरुवाहरुलाई नि:शुल्क खाना वितरण गर्न उपयुक्त ठानेर क्लवले खाना सहयोग गरेको डा. साहल बताउनुभयो।

लायन्स र लियो क्लवका सदस्यहरुको साथ र सहयोगले अस्पतालमा रहेका कुरुवाहरुका लागि घटस्थापना सम्म नि:शुल्क खाना उपलब्ध गर्ने वहांको भनाई छ।

खाना शद्धताको लागि रोयल ग्रिण क्याफेमा प्याकिङ्ग गरी तात तातै वितरण गर्दै आएको छ। क्लवले स्वादिष्ट, ताजा खाना नि:शुल्क वितरण गरेर निकै नै सराहनीय काम गरेको भन्दै कुरुवाहरु खुशी व्यक्त गरेका छन्। बिरामीका कुरुवा ढकबहादुर विष्ट, रमेश ऋषिदेव लगायतले प्रशंसा गर्नुभयो।

स्पतालमा खाना वितरण गर्न डा बालकृष्ण साह, डा. प्रविण कुमार झा लगायत दर्जनौ क्लका सदस्यहरु सहभागिता रहेका छन्। क्लवले कार्तीक १ गते सम्म विरामीका कुर्वाहरुलाई नि:शुल्क खाना वितरण गर्ने जनाएको छ।

# खैरो हिरोइन सहित २ पक्राउ

विराटनगर। झापा र सुनसरी जिल्लाबाट लागुऔषध खैरोहिरोईन ब्राउनसुगर सहित दुई जना पक्राउ परेका छन।

भारत घर भई झापाको बिर्तामोड नगरपालिका वडा नं. ९ नरियाबारीमा डेरा गरी बस्दै आएका कृष्ण राय ब्राउनसुगर सहित पक्राउ परेका हुन। बुधवार रायलाई बिर्तामोड सैनिकमोडबाट ६ ग्राम ५ सय मिलीग्राम खैरोहिरोईन ब्राउनसुगर सहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ।

त्यसै गरी सुनसरी ईटहरी इटहरी उपमहानगर पालिका वडा नं. ५ का २३ बर्षीय प्रविण राई खैरोहिरोईन ब्राउनसुगर सहित पक्राउ परेका छन। राईलाई पनि बुधवार बजे इटहरी स्थित एक खाजा घर होटलबाट नियन्त्रणमा लिईएको ईलाका प्रहरी कार्यालय ईटहरीले जनाएको छ।

राईलाई नियन्त्रणमा लिएसंगै चेकजाँच गर्दै उनको कोठा समेतमा खानतलासी गर्ने क्रममा प्लाष्टिकमा पोका पारि लुकाई छिपाई राखिएको अवस्थामा ३८ ग्राम ४० मिलिग्राम खैरोहिरोईन ब्राउनसुगर फेला पारी बरामद गरिएको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ।

राईको साथबाट नगद १ लाख ५० हजार समेत फेला पारी बरामद गरिएको छ। विशेष सुराकका आधारमा खिएको प्रहरी टोलीले राय र राईलाइ खैरोहिरोईन ब्राउनसुगर सहित पक्राउ गरेको हो।

प्रतिबन्धित लागुऔषध सहित पक्राउ परेका दुबै जना उपर क्रमश ईलाका प्रहरी कार्यालय अनारमनी झापा र ईलाका प्रहरी कार्यालय ईटहरीबाट कानुनी कारबाही अगाडी बढाईएको छ।

# भोक्राहा नर्सिहबाट एक पक्राउ

सुनसरी। सुनसरी भोक्राहा नरसिंह वडा नं. ६ बस्ने १९ बर्षीय उमर हुसेन प्रतिबन्धित लागुऔषध सहित पक्राउ परेका छन।

विशेष सुराकका आधारमा खटिएको प्रहरी टोलीले को २७ प ८८९७ नम्बरको मोटरसाईकलमा आएका हुसेनलाइ नरसिंह वडा नं. ५ स्थित राजमार्ग एरियाबाट नियन्त्रणमा लिईएको थियो। नियन्त्रण पश्चात चेकजाँच गर्दा हुसेनले लुकाई छिपाई ल्याएको डाईजेपाम इनजेक्शन १ सय ५० एम्पुल, लुपिजेसी १ एक ५० एम्पुल, फेलार्गन १ सय ५१ एम्पुल

वांकी अन्तिम पेजमा...

# लागुऔषध सहित ३ पक्राउ

सुनसरी। सुनसरीको ईनरुवा नगरपालिका वडा नं. ३ स्थित राजमार्ग एरियाबाट प्रतिबन्धित लागुऔषध सहित दुई जना पक्राउ परेका छन।

पक्राउ पर्नेमा सुनसरी दुहबी दुहवी नगरपालिका वडा नं. १० का २६ बर्षीय दिपक कुमार यादब र हरीनगर गाउँपालिका वडा नं. ६ का ३४ बर्षीय सहिद मिया रहेका छन। पक्राउ परेका दुबै जनाले राजमार्ग छेउको झाँडीमा लागुऔषध लुकाई छिपाई राखिरहेको भन्ने सुचनाका आधारमा तत्काल जिल्ला प्रहरी कार्यालय सुनसरीबाट खटिएको प्रहरी टोलीले उनिहरुलाई शनिवार नियन्त्रणमा लिएको हो।

नियन्त्रण पश्चात उनिहरुले लुकाउदै गरेको बोरा चेकजाँच गर्दा १ सय ४० बोतल डाइलेक्स डीसी ३ हजार ९ सय ६० क्याप्सुल, एसपासमो प्रोक्सीभोन र १ हजार ३ तीन ५० निटरा भेट ट्याप्लेट फेला पारी बरामद गरिएको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ।

त्यसै गरी सुनसरीकै कोशी गाँउपालिका वडा नं. ३ नहर चोकबाट २८ बर्षीय कमरुदिन मिया लागुऔषध सहित पक्राउ परेका छन। विशेष सुराकका आधारमा उनलाई हिजो पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ। मियालाइ पक्राउ गरिएसंगै उनले

वांकी अन्तिम पेजमा...

# भारतको पटाका नेपाल भित्रिण शुरु

विराटनगर। नेपालमा शुरु हुन लागेको महान चाडपर्व दशै, तिहार र छठ पर्वमा आतिबाजी गर्ने उदेश्यले लुकीछिपी भारतवाट पटका नेपाल भित्रन शुरु भएको छ।

सुनसरी जिल्लाको इटहरी उपमहा नगरपालिका वडा नं. ५ स्थित राजमार्ग एरियावाट पटका सहित दुई जनालाई प्रहरीले पक्राउ गरेपछि सो कुरा खुलेको हो।

पक्राउ पर्नेमा सुनसरी श्रीपुरका १९ बर्षीय आलम मिया र सोही स्थानका २७ बर्षीय समिर मिया रहेका छन। विशेष सुराकका आधारमा खटिएको प्रहरी टोलीले उनीहरुलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ।

राजमार्ग किनारमा पटका बोरा तथा कार्टुनमा लुकाई छिपाई राखेर सप्लाईका लागी मौका छोपी बसिरहेको अवस्थामा उनिहरुलाई नियन्त्रणमा लिईएको थियो।

नियन्त्रण संगै बोरा तथा कार्टुन खोलेर हेर्दा श्री विजय कोबरा नामको पटाका-६७ बण्डल पटका फेला पारी बरामद गरिएको हो।

भारतवाट लुकाई छिपाई पटका नेपाल भित्रियाउने दुवैलाई पक्राउ गरी थप अनुसन्धान तथा कानुनी कारबाही अगाडी बढाईएको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ।


# बालिकाको मृत्यु

सुनसरी। सुनसरीको इनरुवा नगरपालिका वडा नं. ७ वर्छवा चोक स्थितबाट दुई जना प्रतिबन्धीत लागुऔषध सहित पक्राउ परेका छन।

पक्राउ पर्नेमा सुनसरी हरिनगर गाउँपालिका वडा नं. ७ कविलासा घुस्कीको उपेन्द्र सरदार र सोही स्थानको हरिशंकर सरदार रहेका छन। विशेष सुराकका आधारमा जिल्ला प्रहरी कार्यालय सुनसरीबाट खटिएको प्रहरी टोलीले उनिहरुलाई नियन्त्रणमा लिएको थियो।

ज ८ प ५९३६ नम्बरको मोटरसाईकलमा आएका दुबै जनालाई चेकजाँच गर्दा प्लाष्टिकको बोरामा लुकाई छिपाई ल्याएको डाइलेक्स डीसी ८९ बोतल, एसपामो प्रोक्सीभोन ७ सय ६८ क्याप्सुल र नेटराभेट ४ सय २० ट्याब्लेट लागुऔषध बरामद भएको छ।

लागुऔषध सहित प्रकाउ परेका उपेन्द्र र हरिशंकर उपर थप अनुसन्धान तथा कानुनी कारबाही अगाडी बढाईएको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ।



छोरा छोरी दुवै बराबरी त्यसैले दुवैलाई विद्यालय पठाऔ।

## कोरोना (COVID - 19) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाइरस ?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के-के हुन सक्छन् ?**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु,

**3. यसबाट बच्न के-के गर्ने ?**

क) साबुनपानीले राम्रोसँग हात धुने,
ख) खानेकुरा घोइपखाली राम्रोसँग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने,
च) चरा, मूसा, बिरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने।

**दुहवी नगरपालिका सुनसरी, प्रदेश नं. १**

## विराटनगर महानगरपालिको अपिल

१. नोभेल कोरोना (कोभिड-१९) संक्रमण, नियन्त्रण र रोकथामको लागि यस महानगरपालिका क्षेत्र भित्र संचालनमा रहेको सवै पसल, उदोग तथा व्यवसायीहरुले सेवा लिन आउने आगन्तुकहरुका लागि साबुन पानी वा सेनिटाईजर ले हात धुने व्यवस्था मिलाउनु पर्ने।

२. नोभेल कोरोना (कोभिड-१९) भाइरस विरुद्ध सामाजिक संघ संस्थाहरुले गरेको र गर्ने कामको बारेमा महानगरपालिकालाई जानकारी गराई नदोहोरीन र प्रगति अभिलेख एकद्धार प्रणालीको व्यवस्थपन र्कामा सहयोग गर्ने।

३. महानगरपालिका अन्तर्गत संचालन हुने साप्ताहिक हाटबजारहरु अर्को सूचना नभएसम्म का लागि स्थगित (वन्द) गर्ने।

थप जानकारीको लागि ९८४२०२३६७९, ९८५२०३२८१८, ९८४४०९९३७०